जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक २९० • २०८२ श्रावण २४ गते शनिवार • 9 Aug. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-



हार्दिक शुभकामना

रक्षाबन्धनको अवसरमा सम्पूर्ण विज्ञापनदाता,पाठक, कर्मचारी,पत्रकार तथा शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जलेश्वरटुडे राष्ट्रिय दैनिक र अनलाइन


## तराई-मधेसका गाउँ, नगर र बस्तीहरूमा राखी (रक्षाबन्धन) पर्वको उल्लासमय माहोल

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २३ श्रावण**



साउन शुक्लपक्षको आरम्भसँगै तराई-मधेसका गाउँ, नगर र बस्तीहरूमा राखी (रक्षाबन्धन) पर्वको उल्लासमय माहोल सुरु भएको छ। दिदीबहिनी र दाजुभाइबीचको प्रेम, स्नेह र आत्मीय सम्बन्धलाई अझ मजबुत पार्ने यो पर्वको धून हाल गाउँघरदेखि हाटबजारसम्म गुञ्जिरहेको छ। आउँदो शनिवार ( साउन २४ गते) साउन शुक्ल पूर्णिमाको दिन धुमधामका साथ यो पर्व मनाउने तयारीमा दिदीबहिनीहरू जुटेका छन्। मिथिला लोकसंस्कृतिका जानकारहरूका अनुसार दाजुभाइ र दिदीबहिनीबीचको प्रेम, समर्पण र आपसी सम्बन्ध कहिल्यै नटुट्ने अटूट प्रतिबद्धता व्यक्त गरिने यो पर्व मधेसको एक महत्त्वपूर्ण सांस्कृतिक धरोहर हो। हाल महोत्तरी जिल्लाको औरही नगरपालिका-१ मा लाग्ने औरही बजारदेखि अन्य हाटबजारसम्म राखी खरिदका लागि किशोरी, युवती र महिलाहरूको चहलपहल बढेको छ। विवाह भएर गएकी चेलीहरूले मोबाइल, चिट्ठी वा सामाजिक सञ्जालमार्फत आफ्ना दाजुभाइको ठेगाना खोजी राखी बन्धनमा आउन निम्तो दिइरहेका छन्। अविवाहित चेलीहरू पनि घर बाहिर रहेका दाजुभाइलाई सम्झँदै पूर्णिमाको दिन एकै ठाउँमा भेला हुन आग्रह गरिरहेका छन्। राखी छान्न औरही बजार पुगेकी औरही-२ की मंजु यादव र गौशाला नगरपालिका-१० की रंजना महतोका अनुसार, राखी पर्वको तयारीमा लाग्दा १५ दिन कहिल्यै नथाहा पाइकन बितिसकेको अनुभूति हुन्छ। यस अवसरमा दिदीबहिनी मात्र नभई व्यापारीहरू पनि उत्तिकै व्यस्त छन्। ग्राहकको रोजाइअनुसार आधुनिक र परम्परागत डिजाइनका राखी बजारमा उपलब्ध गराउन व्यापारीहरू अहोरात्र जुटेका छन्। **धार्मिक र सांस्कृतिक पृष्ठभूमि** हिन्दू धर्मशास्त्र अनुसार सत्ययुगमा दानवराज बलिलाई उनका बहिनी गङ्गा र यमुनाले युद्धमा जानुअघि हातमा रक्षासूत्र (राखी) बाँधेर विजयको आशीर्वाद दिएको कथा प्रचलित छ। त्यो युद्धमा बलि विजयी भएको स्मरण गर्दै हरेक वर्ष साउन शुक्ल पूर्णिमाको दिन दिदीबहिनीहरूले आफ्ना दाजुभाइको दीर्घायु, सुख-समृद्धि र वीरताको कामना गर्दै राखी बाँध्ने परम्परा चलिआएको हो। वेद-पुराणमा पनि राखीलाई "रक्षासूत्र" का रूपमा उल्लेख गरिएको छ, जसलाई मन्त्र उच्चारणसहित पुरोहितले यजमानको हातमा बाँधिदिने चलन छ। मिथिलामा भने मुख्य आकर्षण दिदीबहिनीकै हातबाट राखी बाँधिनु हो, जसले सम्बन्धलाई अझ आत्मीय बनाउँछ। **साँस्कृतिक समन्वयको प्रतीक** पहिले मुख्यत: मधेसी तथा हिन्दू समुदायले मात्र मनाउने यो पर्व अहिले पहाडी समुदायका दाजुभाइ र दिदीबहिनीहरूबीच पनि लोकप्रिय बन्दै गएको छ। सांस्कृतिक घुलमिल र देखासिकीका कारण पछिल्ला वर्षहरूमा इस्लाम धर्मावलम्बीहरूले समेत यो पर्व मनाउन थालेका छन्। उनीहरूका अनुसार, यो केवल धार्मिक कर्मकाण्ड नभई आपसी प्रेम, विश्वास र भाइचाराको उत्सव हो। राखी पर्व यसरी तराई-मधेसमा मात्र नभई सम्पूर्ण नेपाली समाजमा भाईचारा र एकताको सन्देश फैलाउने सेतु बन्दै गएको छ।

## नेकपा माओवादी केन्द्रको पार्टी प्रवेश कार्यक्रम सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २३ श्रावण**



रामगोपालपुर नगरपालिकामा नेकपा माओवादी केन्द्र पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा नेपाली कांग्रेस, नेकपा एमाले र लोसपा लगायतका पार्टीबाट करिब ९५ जना पार्टी प्रवेश गरेका छन्। स्थानीय नेता नागेन्द्र महतोले नेपाली कांग्रेस पार्टी परित्याग गरी आफ्नो नेतृत्वमा नेकपा माओवादी केन्द्र पार्टीमा पार्टी प्रवेश गरेका हुन्।

महतो स्थानीय तहमा सामाजिक सेवा र विकास निर्माणमा सक्रिय रहँदै आएका एक प्रभावशाली व्यक्तित्व हुन्। उनी वडा नम्बर ४ का वासिन्दा हुन् र हालै वडाको कार्यालय भवन निर्माणका लागि जग्गा दान गरेर समेत सामाजिक प्रतिबद्धता देखाइसकेका छन्। पार्टी प्रवेश कार्यक्रमको अध्यक्षता नेकपा माओवादी केन्द्र पार्टीको रामगोपालपुर नगर कमिटीका अध्यक्ष रामपदारत मण्डलले गरेका थिए। पार्टी प्रवेश कार्यक्रमको प्रमुख अथिति महोत्तरी निर्वाचन क्षेत्र १ (ख)का मधेश प्रदेशका सांसद,मधेस प्रदेशका नेकपा माओवादी केन्द्र पार्टीका पूर्व संसदीय दलका नेता तथा पूर्व मन्त्री समेत रहनु भएका भरत साह थिए भने पार्टीका केन्द्रीय प्रतिनिधि सूर्य नारायण साह, पुर्व सविधानसभा सदस्य लालेन्द्र मण्डल, प्रदेश कमिटी सदस्य अरविन्द दास, रामगोपालपुर नगरपालिका पूर्व नगर प्रमुख अशोक मण्डल, पूर्व नगर उपप्रमुख सीता देवी साह लगायत थुप्रै नेतृ-नेता तथा कार्यकर्ताहरूको पनि उपस्थिती रहेको थियो। कार्यक्रमका प्रमुख अतिथि भरत साहले राजनीतिक स्थिरता र जनसंघर्षमा नयाँ उर्जा थप्ने हेतुले भएका यस्ता पार्टी प्रवेश कार्यक्रमहरूको ठूलो महत्व भएको बताए। उनले भने, "माओवादी केन्द्रले मधेस प्रदेशमा जनताको आवाजलाई मजबुतीका साथ उठाएको छ र नयाँ सदस्यहरूको प्रवेशले पार्टीलाई थप जनसमर्थन र संगठनात्मक मजबुती दिनेछ।"नागेन्द्र महतोले आफ्नो मन्तव्यमा पार्टी प्रवेश गरेर जनताको हितका लागि काम गर्ने प्रतिवद्धता व्यक्त गर्दै, "हामीले अब राजनीति दलहरूको सीमाभन्दा बाहिर गएर सबै वर्ग र समुदायको आवाजलाई एक ठाउँमा ल्याउने छौं।

नेकपा माओवादी केन्द्र पार्टीको नेतृत्वमा हामीले जनताको हकहितको लागि निरन्तर काम गर्नेछौं," भने। कार्यक्रममा नयाँ प्रवेशकर्ताहरूलाई प्रमुख अतिथिहरूले अबिर र गम्छाले सम्मान गर्दै पार्टीमा स्वागत गरेका थिए। कार्यक्रममा सहभागी नेताहरूले राजनीतिक एकता र समृद्ध नेपालको निर्माणका लागि सबैले एकसाथ काम गर्नुपर्ने कुरामा जोड दिए।


GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence


## मटिहानीमा अम्बा र लिचीको विरुवा वितरण सुरु



**आरजे ईर्शाद शेख**
**महोत्तरी, २३ श्रावण**

मटिहानी नगरपालिकाले किसानहरूको जीवनस्तर उकास्ने उद्देश्यसहित अम्बा र लिचीको विरुवा वितरण कार्यक्रम सुरु गरेको छ। नगरपालिकाको कृषि तथा पशु विकास शाखाबाट सञ्चालनमा ल्याइएको यस कार्यक्रमको औपचारिक शुभारम्भ नगर प्रमुख हरि प्रसाद मण्डलले आज बिहान गरेका हुन्। नगरस्तरीय योजना अन्तर्गत सञ्चालनमा आएको यो कार्यक्रमबाट मटिहानीका ९ वटै वडाका करिब ३५०० घरपरिवार लाभान्वित हुनेछन्। प्रत्येक घरपरिवारलाई २/२ वटा अम्बा र लिचीका विरुवा नि:शुल्क प्रदान गरिने व्यवस्था गरिएको छ।

कृषि शाखा प्रमुख संध्या साहका अनुसार, "फलफूल खेतीको प्रवर्धनमार्फत उत्पादनमा वृद्धि गर्नुका साथै किसानहरूको आयआर्जन र आत्मनिर्भरता बढाउने उद्देश्य लिएको छ।" उनका अनुसार नगरभित्र फलफूल उत्पादनमा वृद्धि भएसँगै स्थानीय बजारमा आपूर्ति सन्तुलन कायम हुने र दीर्घकालीन रूपमा कृषिमा आधारित अर्थतन्त्र सबल बन्ने अपेक्षा गरिएको छ। नगर प्रमुख मण्डलले नगरपालिकाले आगामी दिनमा पनि यस्ता उत्पादनमुखी योजनामा प्राथमिकता दिँदै जाने प्रतिबद्धता जनाएका छन्।

## ज्ञान गंगा ईन्टरनेशनल पब्लिक स्कुलद्वारा राखि बनाउने प्रतियोगिता

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २३ श्रावण**




रक्षाबन्धनको अवसरमा ज्ञान गंगा ईन्टरनेशनल पब्लिक स्कुलद्वारा शुक्रबार राखि बनाउने प्रतियोगिताको आयोजन गरिएको छ।

यस विद्यालयमा अध्ययनरत पिजिदेखि माथिल्लो कक्षासम्मका विद्यार्थीहरुले आ–आफ्ना जुझबुझका आधारमा विभिन्न रंगीचंगी राखिहरु बनाएका थिए भने साना कक्षाका विद्यार्थीहरुले कागजमा राखि बनाएर रंग भर्ने काम गरेका थिए। कक्षागत तरिकाले कक्षा पिजिदेखि कक्षा युकेजीसम्मका राखि बनाउनमा जेहेन्दार प्रथम,द्वितिय तथा तृतिय स्थान ल्याउन सफल विद्यार्थीहरुलाई आकर्षक पुरस्कार प्रदान गरिएका थिए भने कक्षा १ देखि माथिल्लो कक्षाका विद्यार्थीहरु मध्ये उत्कृष्ट ३ जनालाई समेत पुरस्कार प्रदान गरिएको थियो।




# भिम्सेन स्तम्भ

*धेरै पछि आफ्नो कोहि भेटिए जस्तो*
*वर्षौ पछी प्यास मेटिए जस्तो*
*मनसँग मन जोडौं-जोडौं जस्तो*
*पखेटा खोलेर उडौं-उडौं जस्तो*
*जुन दिन भेटेको थियौं हामी*
*हाँस खेल र हल्ली चल्लीमा*
*काठमाडौंको त्यो गल्लीमा*
*जहाँ थिए मेरा मन जस्तै*
*भत्केर पनि ढल्न नसकेका*
*मन भएर नि चल्न नसकेका*
*आफ्नै शरीरको भारले थिचिएका*
*मानिसहरुको भिडमा मिचिएका*
*मन्दिरहरु जुन दिन*
*घाम लागेर पनि लाग्न सकेको थिएन*
*माया जागेर पनि जाग्न सकेको थिएन*
*तर*
*आश छ हामी फेरि भेट्ने छौँ*
*मनको प्यास पक्कै मेट्ने छौँ*
*त्यो दिन म बोल्न डराउने छैन*
*आफै भित्र म हराउने छैन*
*त्यो दिन यसरी बोल्ने छु कि,*

*मनमा पक्कै शान्ति आउने छ*
*नयाँ लहर नयाँ क्रान्ति आउने छ*
*त्यो दिन शहरमा घाम लाग्ने छ*
*सब मनलाई आराम लाग्ने छ*

*फेरि पनि हाँस् खेल र हल्ली चल्लीमा*
*काठमाडौंको त्यही पुरानो गल्लीमा*
*र घुम्न जानु छ त्यो ठाउँ जहाँ*
*घण्टाघरको आवाज सुनेर*
*फेरि उठ्ने सपना बुनेर*
*छेउको धरहरा नि हेर्न नसक्ने गरी*
*एउटा जिउँदो लास सरी*
*लडिरहेका छ भिम्सेन स्तम्भ ।*

**-: प्रभात :-**

# महतो सहितको टोलीद्वारा पानीको स्रोत चुरे तथा भावर क्षेत्रको स्थलगत अवलोकन

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २३ श्रावण**

धनुषाको मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतो सहितको टोलीले शुक्रबार पानीको स्रोत चुरे तथा भावर क्षेत्रको स्थलगत अवलोकन गरेका छन् । चुरे र भावर क्षेत्रमा भएका खोला तथा मुहानबाट बगेर खेर गइरहेका पानीलाई सिँचाइ तथा खानेपानीका लागि प्रयोग ल्याउन उहाँहरुले स्थलगत अवलोकन गरेका हुन् ।


नगर प्रमुख महतोले भूमिगत पानीको दोहन कम गर्न र चुरे क्षेत्रबाट बगेर खेर गइरहेको पानीलाई सदुपयोगमा ल्याउन औरही खोलाको मुहानको स्थलगत अवलोकन गरिएको बताउनुभयो । उहाँले खेर गइरहेको पानीलाई सिँचाइ र खानेपानीका लागि प्रयोगमा ल्याउन सकिने सम्भावना रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "औरही खोलामा प्रशस्त पानी छ । उक्त पानी बगेर त्यसै खेर गइरहेको छ । यदि




औरही खोलाको पानी पाँच सय मिटर पश्चिममा रहेको खहरे खोला बसहीमा झार्न सकियो भने सिँचाइका लागि पानीको उपलब्धता बढ्छ । त्यस्तै, औरही खोलामा ठाउँ ठाउँमा ड्याम निर्माण गरेर खानेपानीका लागि पानी प्रयोगमा ल्याउन सकिन्छ ।" उहाँले अध्ययनका लागि प्राविधिक र विज्ञ टोली पठाउने बताउनुभयो ।

नगर प्रमुख महतोले मिथिला नगरपालिका भएर बग्ने औरही नदीलगायतका नदीनालामा तटबन्ध निर्माण गरेर वर्षाको पानी चुरे क्षेत्रमै रोक्न सकियो भने बटेश्वर, छिरेश्वर, लक्ष्मीनियाँ र जनकपुरधामलगायत तल्लो तटीय क्षेत्रको धेरैजसो स्थानको भूमिगत जलस्तर बढ्ने जानकारी दिनुभयो । उहाँले यसका लागि तल्लो क्षेत्रका स्थानीय तहले पनि आर्थिक लगानी लगाउनुपर्ने उहाँका भनाइ छ ।

उहाँले भन्नुभयो, "चुरे विद्हरुका अनुसार चुरेको पानी चुरे क्षेत्रमा रोक्न सकियो भने जमिनमुनि पानीको पुनर्भरण हुन्छ । त्यसले तल्लो क्षेत्रमा भूजलको सतह माथि आउँछ र अहिले देखिएको पानीको सङ्कट समाधान हुन्छ ।" प्राविधिक रामविरोध महतोका अनुसार चुरे तथा भावर क्षेत्रका खोलामा पानी रोक्न सकिने संरचना निर्माण गर्न सके जमिनमुनि पानीको भण्डारण बढ्छ । जसले गर्दा चापाकल र इनार सुक्ने समस्या दीर्घकालीन रूपमा समाधान गर्न मद्दत पुऱ्याउँछ । औरही खोलामा यसअघि पनि यस्तो सम्भावनाको अध्ययन भएको उहाँले बताउनुभयो । प्राविधिक महतोले अव्यवस्थित सहरीकरण र वन फँडानीका कारण जमिनले पर्याप्त मात्रामा वर्षाको पानी सोसेर राख्न नसक्नुका कारण भूमिगत पानीको सतह तल हुँदै गएको बताउनुभयो । तराईका जिल्लामा पहिलाभन्दा दोब्बर तेब्बर गहिराइमा पाइप गाड्दा मात्रै चापाकलमा पानी आउने गरेको छ ।




# ब्रा भित्र लुकाएर कोकिन तस्करी



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २३ श्रावण**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट लागू औषध कोकिन तस्करीको प्रयासमा एक विदेशी महिला पक्राउ परेकी छन् । नेपाल प्रहरीको लागू औषध नियन्त्रण ब्युरो ( ल्ऋद्य) को टोलीले विमानस्थलमा निगरानीका क्रममा २१ वर्षीया ब्राजिलियन नागरिक इमिली मिकाएले सान्तोष फेरेरालाई पक्राउ गरेको हो ।

ब्राजिलबाट कतार हुँदै नेपाल आएकी फेरेरा भुटान जान लागेको अवस्थामा विमानस्थलको प्रस्थान कक्षबाट समातिएकी हुन् । उनको चेकजाँच गर्दा स्वेटरको ब्राभित्र कण्डममा भरेर लुकाएको १ केजी ९५० ग्राम कोकिन फेला परेको ब्युरोले जनाएको छ ।

प्रहरीले फेरेराविरुद्ध लागू औषध (नियन्त्रण) ऐन, २०३३ अनुसार अनुसन्धान अगाडि बढाएको छ । यस घटनालाई अन्तर्राष्ट्रिय लागू औषध तस्करी सञ्जालसँग जोडिएको आशंका गरिएकोले विस्तृत अनुसन्धान भइरहेको ब्युरोले जानकारी दिएको छ ।

## तपाईको टुडे

मेष: लामो यात्राको योग छ
वृष: अनावश्यक खर्चको संभावना
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: शुभ कार्यको शुरुवात
कन्या: अनावश्यक चिन्ता
तुला: मनमा पछुतो आउने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: खानपानमा समस्या आउने
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम-४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# मोदीले पुटिनलाई भने - भारतमा स्वागत गर्न उत्सुक छु

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ श्रावण



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई भारतमा स्वागत गर्न उत्सुक रहेको बताएका छन् ।

शुक्रबार फोनमा कुरा गर्दै मोदीले पुटिनलाई स्वागत गर्न आतुर रहेको बताएका हुन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कर विवादको बीचमा भएको वार्तामा प्रधानमन्त्री मोदी र पुटिनले भारत-रूस सम्बन्धलाई बलियो बनाउने आफ्नो प्रतिबद्धता दोहोऱ्याएका छन् । प्रधानमन्त्री मोदीले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'राष्ट्रपति पुटिनसँग मेरो धेरै राम्रो र विस्तृत कुराकानी भयो। मैले युक्रेनको अवस्थाको बारेमा जानकारी साझा गरेकोमा उहाँलाई धन्यवाद दिएँ । हामीले हाम्रो पारस्परिक सहयोग बढाउन र भारत-रूस रणनीतिक साझेदारीलाई गहिरो बनाउने हाम्रो प्रतिबद्धता दोहोऱ्यायौँ ।

म यस वर्षको अन्त्यमा राष्ट्रपति पुटिनको भारत भ्रमणको लागि तत्पर छु । बिहीबारमात्रै भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलले आफ्नो मस्को भ्रमणको क्रममा क्रेमलिनमा पुटिनलाई भेटेका थिए । सुरक्षा, आर्थिक र ऊर्जा सहयोगमा द्विपक्षीय वार्ताको लागि बैठक आयोजना गरिएको थियो । रुसी सरकारी सञ्चारमाध्यम स्पुतनिकले एउटा भिडियो जारी गरेको छ जसमा डोभालले भारत-रुस सम्बन्धलाई "धेरै विशेष" भनेर वर्णन गरेका छन् र दुई देशहरू बीचको लामो समयदेखिको रणनीतिक साझेदारीलाई जोड दिएका छन् ।

# आजका लागि विदेशी मुद्राको विनिमय दर


जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ श्रावण



नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिदर १४० रुपैयाँ ०३ पैसा र बिक्रीदर १४० रुपैयाँ ६३ पैसा कायम भएको छ।

अमेरिकी डलरको भाउ विस्तारै घट्दो क्रममा रहेको छ। बुधबार उच्च विन्दूमा पुगेको भाउ बिहीबार पनि घटेको थियो भने बिहीबारको तुलनामा शुक्रबार पनि घटेको छ । राष्ट्र बैङ्कका अनुसार बिहीबार अमेरिकी डलर एकको खरिददर १४० रुपैयाँ ०८ पैसा र बिक्रीदर १४० रुपैयाँ ६८ पैसा निर्धारण गरिएको थियो । बुधबार अमेरिकी डलर एकको खरिददर १४० रुपैयाँ १९ पैसा र बिक्रीदर १४० रुपैयाँ ७९ पैसा निर्धारण गरिएको थियो ।

शुक्रबार युरोपियन युरो एकको खरिदर १६३ रुपैयाँ २० पैसा र बिक्रीदर १६३ रुपैयाँ ९० पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर १८७ रुपैयाँ ७७ पैसा र बिक्रीदर १८८ रुपैयाँ ५८ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १७३ रुपैयाँ ४५ पैसा र बिक्रीदर १७४ रुपैयाँ २० पैसा कायम गरिएको छ । अष्ट्रेलियन डलर एकको खरिददर ९१ रुपैयाँ ३३ पैसा र बिक्रीदर ९१ रुपैयाँ ७२ पैसा, क्यानेडियन डलर एकको खरिदर १०१ रुपैयाँ ९३ पैसा र बिक्रीदर १०२ रुपैयाँ ३६ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०९ रुपैयाँ ०४ पैसा र बिक्रीदर १०९ रुपैयाँ ५१ पैसा निर्धारण गरिएको छ ।




# ६ वर्षपछि 'मेरिबास्सै'मा जिम्मेवारी सहित फर्किए राजु मास्टर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ श्रावण



झण्डै दुई दशकको यात्रा पूरा गर्ने तयारीमा रहेको हास्य टेलिसिरियल 'मेरिबास्सै'मा जिम्मेवारीसहित कलाकार राजु पौडेल (राजु मास्टर) पुनः फर्किएका छन् ।

राजुले आगामी साताबाट प्रसारण हुने गरी मेरिबास्सैको लेखन र निर्देशनको जिम्मेवारी लिएका छन् । साथै उनले मेरिबास्सैमा अभिनय पनि गर्नेछन् । मिडिया हबको प्रस्तुतिमा १९ वर्षको यात्रा गरिरहेको मेरिबास्सैबाटै राजुले कलाकारिताको यात्रा तय गरेका थिए । सुरुबाटै १२ वर्षसम्म निरन्तर अभिनय गरेका राजुले बिचमा ६ वर्ष अन्य सिरियलमा काम गरे । अहिले पुनः उनी आफ्नै घरमा फर्किन पाउँदा खुसी र जिम्मेवारी बोध भएको बताउँछन् । 'मेरिबास्सै मेरो घर हो, आफ्नै घरमा फर्किन पाउँदा खुसी लागेको छ । यही ठाउँले मलाई कलाकारिता सिकायो, आज यहाँसम्म आउन सक्नु भनेकै मेरिबास्सैको देन हो,' राजुले भने । 'अहिले लेखन र निर्देशनको पनि जिम्मेवारी लिएर फर्किएको छु । त्यसैले चुनौती महसुस गरेको छु ।'

राजुले पछिल्लो समय मेरिबास्सैबाट बाहिरिएर आफ्नै लेखन, निर्देशन, अभिनय र निर्माणमा सकस सिरियलमा काम गरिरहेका छन् । त्यसैले पनि उनले राम्रो अनुभव बटुलेका छन् । मेरिबास्सैको ९२३ भागबाट राजुले जिम्मेवारी सम्हाल्नेछन् । उनका अनुसार यस पटकबाट नयाँ कथाबाट सिरियल अगाडी बढ्नेछ । राजुले भने,'हामीले चार भाग छायाङ्कन गरिसकेका छौं । मेरिबास्सैको छायाङ्कनस्थल धादिङको ज्वालामूखी गाउँपालिकाको ५, खरी भद्वार राजेका छौं ।' राजुले मेरिबास्सैमा ६ वर्ष अघिको आफ्नो परिवार लिएर फर्किएको बताउँछन् ।

# साउदी अरेबियामाथि नेपालको संघर्षपूर्ण जित

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ श्रावण



भुटानको थिम्पुमा जारी एएफसी यू-२० महिला एसियन कप छनोटको आफ्नो दोस्रो खेलमा नेपालले साउदी अरेबियामाथि संघर्षपूर्ण जित निकालेको छ । नेपालले साउदी अरेबियालाई १-० गोलअन्तरले हराएको हो ।

थिम्पुस्थित चाङलिमिथाङ स्टेडियममा भएको खेलमा नेपालले विजयी गोल गर्न अन्तिमसम्म कुर्नुपऱ्यो । निर्धारित समय सकिनै लाग्दा ९०औं मिनेटमा शुक्रिया मियाँले ट्याप इन गोल गर्दै नेपाललाई जित दिलाइन् । उनले मिना देउवाको पासमा गोल गरिन् । खेलमा साउदीले नेपालविरुद्ध केही राम्रा अवसरहरू बनाएपनि गोल भने गरेको थिएन । नेपालले ३७औं मिनेटमा पेनाल्टीमार्फत गोल गर्ने सुनौलो अवसर पाएपनि मीना देउवाको प्रहार बारमा लागेको थियो ।

नेपालले आफ्नो पहिलो खेलमा भुटानसँग १-१ गोलको बराबरी खेल्दै अंक बाँडेको थियो । साउदी अरेबियाले भने उत्तर कोरियासँग १५-० को फराकिलो हार बेहोरेको थियो । पहिलो खेलमा बराबरी खेलेपछि नेपाली टोली समूहविजेता बन्ने सम्भावनामा धक्का लागिसकेको छ । बलियो टोली उत्तर कोरियासँग नेपालले खेल्न बाँकी छ । खेल आइतबार हुनेछ । प्रतियोगिताको हरेक समूहबाट समूहविजेता एसियन कपमा छनोट हुनेछन् भने ३ उत्कृष्ट उपविजेता पनि छनोट हुने प्रावधान छ ।



# नेपाली पत्रकारिता क्षेत्रका समस्या, आर्थिक अप्ठ्यारो र स्वतन्त्रताको चुनौती



-प्रेमचन्द्र झा

-नेपालमा पत्रकारिताको महत्त्व केवल समाचार लेख्ने वा तथ्य प्रस्तुत गर्ने काममा सीमित छैन। यो पेशा समाज, शासन र नागरिक बीचको संवादको आधार हो। तर यो पेशा आज आफैं संकटमा छ। पत्रकारिता पेसामा लागेका हजारौं व्यक्ति दिनहुँ अस्तित्वको लडाइँ लडिरहेका छन् - एकातिर आर्थिक अप्ठ्यारो, अर्कोतिर स्वतन्त्रताको चुनौती। नेपालका पत्रकारहरू प्राय: न्यून पारिश्रमिकमा काम गर्छन्, कहिले त महिनौंसम्म तलब नपाउने अवस्थामा पनि हुन्छन्।

धेरै पत्रकारहरू करारमा छन्, जसले तिनको पेशागत अधिकारलाई कमजोर बनाउँछ। बीमा, पेन्सन, वा सामाजिक सुरक्षाको कुनै सुनिश्चितता छैन। यस्तो अवस्थाले पत्रकारलाई बाँच्नकै लागि सम्झौता गर्न बाध्य बनाउँछ - उनीहरू आफ्नो कलमको स्वतन्त्रता बेच्न वाध्य हुन्छन्। दोस्रो ठूलो चुनौती सम्पादकीय स्वतन्त्रताको अभाव हो। धेरैजसो मिडिया संस्थान निजी व्यापारी वा राजनीतिक व्यक्तिहरूको स्वामित्वमा छन्। सम्पादक वा पत्रकारले समाचार लेख्नुभन्दा पहिला मालिक वा विज्ञापनदाताको रुझान बुझ्नुपर्छ। यस्ता संरचनामा समाचार सत्यतामा होइन, आदेशमा आधारित हुन्छ। समाचार चयनको मापदण्ड शक्तिशालीको हितमा रहन्छ, जसले आम नागरिकको आवाजलाई ओझेल पार्छ। नेपालको पत्रकारिता आज राजनीतिक दलहरूको प्रभावमा नरहेकै छैन, उनीहरूकै प्रवक्ताजस्ता बन्दै गएको छ। कतिपय मिडिया खुलेआम पार्टी प्रवक्ताजस्तो व्यवहार गर्छन् भने कतिपय पत्रकारहरू आफैं पार्टीको कार्यकर्ता झैं प्रस्तुत हुन्छन्। यस्तो पक्षधरताले निष्पक्ष पत्रकारिताको चिह्न मेटाइरहेको छ। तथ्य होइन, विचार आधारित रिपोर्टिङको नाममा भ्रम फैलाउने प्रवृत्ति बढ्दै गएको छ। जनतालाई सुसूचित गर्ने होइन, दिशाभ्रमित गर्ने समाचारहरू प्रकाशित भइरहेका छन्। श्रमशोषण पनि पत्रकारिताको कालो छाया हो। लामो समय काम गर्ने, अतिरिक्त घण्टा काम गर्दा पनि कुनै पारिश्रमिक नपाउने, तलब समयमा नपाउने, सामाजिक सुरक्षाबाट बञ्चित हुने जस्ता समस्या धेरै पत्रकारका दिनचर्या भइसकेका छन्। श्रम ऐनले दिएको हक मिडिया संस्थाले पालना गर्दैनन्, र कारबाहीको प्रक्रिया पनि प्रभावहीन छ। यसले पत्रकारलाई मानसिक तनाव, पेशागत निराशा र आत्मसमर्पणको बाटोमा धकेल्छ। प्रेस स्वतन्त्रता संविधानले सुनिश्चित गरे पनि व्यवहारमा पत्रकारहरू अझै पनि असुरक्षित छन्। विशेषत: ग्रामीण क्षेत्रमा काम गर्ने पत्रकारहरू स्थानीय नेताहरू, माफियाहरू, र प्रशासनिक दबाबको चपेटामा छन्। समाचार लेखेकै भरमा कुटपिट, झूटा मुद्दा वा धम्की खाने अवस्था सामान्य जस्तै भइसकेको छ। यस्तो स्थितिमा पत्रकारले सत्य बोल्नुभन्दा मौन बस्न रुचाउँछन्। आत्म-सेंसरशिप पत्रकारिताको एउटा अनिवार्य अभ्यासजस्तो बनिसकेको छ। त्यसैगरी, आजका दिनमा नैतिक मूल्य र आचारसंहिता पनि चुनौतीमा छन्। पत्रकारिता पेशाको विश्वसनीयतामा प्रश्न उठ्ने अवस्था सिर्जना हुनुमा केही पत्रकारहरूकै भूमिका पनि जिम्मेवार छ। पैसाको लागि समाचार लेख्ने, धम्क्याएर पैसा असुल गर्ने, वा संस्थाको नाममा व्यक्ति विशेषको पक्षपाती रिपोर्ट लेख्ने कामले पत्रकारिता प्रति जनआस्थालाई कमजोर बनाएको छ। जब पेशा नै स्वार्थको माध्यम बन्छ, तब त्यो पेशा समाजको हित होइन, विनाशतर्फ अग्रसर हुन्छ। नेपालमा तालिमको अभाव पनि गम्भीर समस्या हो। अनुसन्धान पत्रकारिता, तथ्य-आधारित रिपोर्टिङ, डिजिटल माध्यम प्रयोगजस्ता विषयमा पर्याप्त दक्षता विकास भएको छैन। अधिकांश पत्रकारहरूले प्रयोगशैलीमा अपडेट पाउन सकेका छैनन्। प्रविधि यति छिटो अगाडि बढिरहेको छ, तर पत्रकार तयार छैनन्। यो खाडलले सतही र अप्रभावकारी पत्रकारिताको बाढी ल्याएको छ। एकातिर परम्परागत मिडियाको अवस्था संकटमा छ - आर्थिक भार थेग्न नसकेर बन्द हुने, कर्मचारी छँटनी गर्ने, वा संस्थागत विलयमा जानुपर्ने अवस्था छ। अर्कोतिर अनलाइन मिडियाको बाढीले सूचना सम्प्रेषण त सहज बनाएको छ, तर आम्दानीको सुनिश्चित मोडल नभएकोले गुणस्तरमा ठूलो गिरावट आएको छ। फेक न्यूज, क्लिकबेट, र सेन्सेशनलिज्मको प्रवृत्ति हावी हुँदै गएको छ। प्रतिस्पर्धा तीव्र छ, तर रोजगारी अस्थिर हुँदै गएको छ।

यी सबै समस्याहरूले पत्रकारिताको मूल चरित्र - सत्यको खोजी, जनताको आवाज, र सत्ता-प्रशासनको जवाफदेहितालाई गम्भीर प्रश्नमा पार्छन्। पत्रकार स्वतन्त्र हुन सकेन भने समाचार स्वतन्त्र हुँदैन। पत्रकार सुरक्षित छैन भने सूचना पनि सुरक्षित हुँदैन। पत्रकार शिक्षित छैन भने समाज अन्धकारमा रहन्छ। त्यसैले आज नेपालमा पत्रकारिता पेसाको अस्तित्व र गरिमा दुबै संकटमा छ। यसो भन्दैमा केही गर्न सकिँदैन भन्ने होइन। पहिलो, राज्यले पत्रकारहरूको श्रम अधिकार सुनिश्चित गर्न स्पष्ट कानुनी संरचना बनाउनु आवश्यक छ। श्रम ऐनको कार्यान्वयन कडाइका साथ हुनुपर्छ। सञ्चारगृहहरूले न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा र श्रम सम्झौता अनिवार्य गर्नुपर्छ। दोस्रो, प्रेस काउन्सिल वा पत्रकार महासंघले आचारसंहिता उल्लङ्घन गर्ने मिडिया संस्थाहरूको पहिचान गरी कारबाही गर्न सक्नुपर्छ। पत्रकारिताको शुद्धिकरण स्वयं पत्रकारिता समुदायबाट हुनुपर्छ। तेस्रो, सम्पादकीय स्वतन्त्रता कायम राख्न संरचनात्मक सुधार गर्नुपर्छ। मिडिया मालिक र सम्पादकीय पक्षबीच स्पष्ट छुट्टाव स्थापित हुनुपर्छ। चौथो, पत्रकारहरूको तालिम, अनुसन्धान फेलोशिप, र प्रविधिमा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्न राज्य, मिडिया संस्थान र अन्तर्राष्ट्रिय निकायहरू एकताबद्ध हुन आवश्यक छ। अन्ततः, पाठक, श्रोताहरू - जनताले पनि सचेत हुनुपर्छ। सस्तो प्रचारको पछाडि नलागी गुणस्तरीय पत्रकारिताको माग गर्नुपर्छ। किनकि पाठककै चेतनाले पत्रकारको कलम स्वतन्त्र बनाउँछ। नेपालका पत्रकार आज एउटै समयमै दुईवटा लडाइँ लडिरहेका छन् - सत्य बोल्ने स्वतन्त्रताको र पेट पाल्ने अस्तित्वको। यी दुवै लडाइँ जित्न सक्ने उपाय भनेको व्यवस्था, चेतना र पेशागत ईमानदारीको समायोजन हो। यदि हामी पत्रकारिता बचाउन चाहन्छौं भने, सबै सरोकारवालाहरूले यो संकटलाई गम्भीर रूपमा लिइर, समाधानतर्फ गम्भीर कदम चाल्ननेपालमा पत्रकारिताको महत्त्व केवल समाचार लेख्ने वा तथ्य प्रस्तुत गर्ने काममा सीमित छैन। यो पेशा समाज, शासन र नागरिकबीचको संवादको आधार हो। तर यो पेशा आज आफैं संकटमा छ। पत्रकारिता पेसामा लागेका हजारौं व्यक्ति दिनहुँ अस्तित्वको लडाइँ लडिरहेका छन् - एकातिर आर्थिक अप्ठ्यारो, अर्कोतिर स्वतन्त्रताको चुनौती। नेपालका पत्रकारहरू प्राय: न्यून पारिश्रमिकमा काम गर्छन्, कहिले त महिनौंसम्म तलब नपाउने अवस्थामा पनि हुन्छन्। धेरै पत्रकारहरू करारमा छन्, जसले तिनको पेशागत अधिकारलाई कमजोर बनाउँछ। बीमा, पेन्सन, वा सामाजिक सुरक्षाको कुनै सुनिश्चितता छैन। यस्तो अवस्थाले पत्रकारलाई बाँच्नकै लागि सम्झौता गर्न बाध्य बनाउँछ - उनीहरू आफ्नो कलमको स्वतन्त्रता बेच्न वाध्य हुन्छन्। दोस्रो ठूलो चुनौती सम्पादकीय स्वतन्त्रताको अभाव हो। धेरैजसो मिडिया संस्थान निजी व्यापारी वा राजनीतिक व्यक्तिहरूको स्वामित्वमा छन्। सम्पादक वा पत्रकारले समाचार लेख्नुभन्दा पहिला मालिक वा विज्ञापनदाताको रुझान बुझ्नुपर्छ। यस्ता संरचनामा समाचार सत्यतामा होइन, आदेशमा आधारित हुन्छ। समाचार चयनको मापदण्ड शक्तिशालीको हितमा रहन्छ, जसले आम नागरिकको आवाजलाई ओझेल पार्छ। नेपालको पत्रकारिता आज राजनीतिक दलहरूको प्रभावमा नरहेकै छैन, उनीहरूकै प्रवक्ताजस्ता बन्दै गएको छ। कतिपय मिडिया खुलेआम पार्टी प्रवक्ताजस्तो व्यवहार गर्छन् भने कतिपय पत्रकारहरू आफैं पार्टीको कार्यकर्ता झैं प्रस्तुत हुन्छन्। यस्तो पक्षधरताले निष्पक्ष पत्रकारिताको चिह्न मेटाइरहेको छ। तथ्य होइन, विचार आधारित रिपोर्टिङको नाममा भ्रम फैलाउने प्रवृत्ति बढ्दै गएको छ। जनतालाई सुसूचित गर्ने होइन, दिशाभ्रमित गर्ने समाचारहरू प्रकाशित भइरहेका छन्। श्रमशोषण पनि पत्रकारिताको कालो छाया हो। लामो समय काम गर्ने, अतिरिक्त घण्टा काम गर्दा पनि कुनै पारिश्रमिक नपाउने, तलब समयमा नपाउने, सामाजिक सुरक्षाबाट बञ्चित हुने जस्ता समस्या धेरै पत्रकारका दिनचर्या भइसकेका छन्। श्रम ऐनले दिएको हक मिडिया संस्थाले पालना गर्दैनन्, र कारबाहीको प्रक्रिया पनि प्रभावहीन छ। यसले पत्रकारलाई मानसिक तनाव, पेशागत निराशा र आत्मसमर्पणको बाटोमा धकेल्छ। प्रेस स्वतन्त्रता संविधानले सुनिश्चित गरे पनि व्यवहारमा पत्रकारहरू अझै पनि असुरक्षित छन्। विशेषत: ग्रामीण क्षेत्रमा काम गर्ने पत्रकारहरू स्थानीय नेताहरू, माफियाहरू, र प्रशासनिक दबाबको चपेटामा छन्। समाचार लेखेकै भरमा कुटपिट, झूटा मुद्दा वा धम्की खाने अवस्था सामान्य जस्तै भइसकेको छ। यस्तो स्थितिमा पत्रकारले सत्य बोल्नुभन्दा मौन बस्न रुचाउँछन्। आत्म-सेंसरशिप पत्रकारिताको एउटा अनिवार्य अभ्यासजस्तो बनिसकेको छ। त्यसैगरी, आजका दिनमा नैतिक मूल्य र आचारसंहिता पनि चुनौतीमा छन्। पत्रकारिता पेशाको विश्वसनीयतामा प्रश्न उठ्ने अवस्था सिर्जना हुनुमा केही पत्रकारहरूकै भूमिका पनि जिम्मेवार छ। पैसाको लागि समाचार लेख्ने, धम्क्याएर पैसा असुल गर्ने, वा संस्थाको नाममा व्यक्ति विशेषको पक्षपाती रिपोर्ट लेख्ने कामले पत्रकारिता प्रति जनआस्थालाई कमजोर बनाएको छ। जब पेशा नै स्वार्थको माध्यम बन्छ, तब त्यो पेशा समाजको हित होइन, विनाशतर्फ अग्रसर हुन्छ। नेपालमा तालिमको अभाव पनि गम्भीर समस्या हो। अनुसन्धान पत्रकारिता, तथ्य-आधारित रिपोर्टिङ, डिजिटल माध्यम प्रयोगजस्ता विषयमा पर्याप्त दक्षता विकास भएको छैन। अधिकांश पत्रकारहरूले प्रयोगशैलीमा अपडेट पाउन सकेका छैनन्। प्रविधि यति छिटो अगाडि बढिरहेको छ, तर पत्रकार तयार छैनन्। यो खाडलले सतही र अप्रभावकारी पत्रकारिताको बाढी ल्याएको छ। एकातिर परम्परागत मिडियाको अवस्था संकटमा छ - आर्थिक भार थेग्न नसकेर बन्द हुने, कर्मचारी छँटनी गर्ने, वा संस्थागत विलयमा जानुपर्ने अवस्था छ। अर्कोतिर अनलाइन मिडियाको बाढीले सूचना सम्प्रेषण त सहज बनाएको छ, तर आम्दानीको सुनिश्चित मोडल नभएकोले गुणस्तरमा ठूलो गिरावट आएको छ। फेक न्यूज, क्लिकबेट, र सेन्सेशनलिज्मको प्रवृत्ति हावी हुँदै गएको छ। प्रतिस्पर्धा तीव्र छ, तर रोजगारी अस्थिर हुँदै गएको छ। यी सबै समस्याहरूले पत्रकारिताको मूल चरित्र - सत्यको खोजी, जनताको आवाज, र सत्ता-प्रशासनको जवाफदेहितालाई गम्भीर प्रश्नमा पार्छन्। पत्रकार स्वतन्त्र हुन सकेन भने समाचार स्वतन्त्र हुँदैन। पत्रकार सुरक्षित छैन भने सूचना पनि सुरक्षित हुँदैन। पत्रकार शिक्षित छैन भने समाज अन्धकारमा रहन्छ। त्यसैले आज नेपालमा पत्रकारिता पेसाको अस्तित्व र गरिमा दुबै संकटमा छ। यसो भन्दैमा केही गर्न सकिँदैन भन्ने होइन। पहिलो, राज्यले पत्रकारहरूको श्रम अधिकार सुनिश्चित गर्न स्पष्ट कानुनी संरचना बनाउनु आवश्यक छ। श्रम ऐनको कार्यान्वयन कडाइका साथ हुनुपर्छ। सञ्चारगृहहरूले न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा र श्रम सम्झौता अनिवार्य गर्नुपर्छ। दोस्रो, प्रेस काउन्सिल वा पत्रकार महासंघले आचारसंहिता उल्लङ्घन गर्ने मिडिया संस्थाहरूको पहिचान गरी कारबाही गर्न सक्नुपर्छ। पत्रकारिताको शुद्धिकरण स्वयं पत्रकारिता समुदायबाट हुनुपर्छ। तेस्रो, सम्पादकीय स्वतन्त्रता कायम राख्न संरचनात्मक सुधार गर्नुपर्छ। मिडिया मालिक र सम्पादकीय पक्षबीच स्पष्ट छुट्टाव स्थापित हुनुपर्छ। चौथो, पत्रकारहरूको तालिम, अनुसन्धान फेलोशिप, र प्रविधिमा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्न राज्य, मिडिया संस्थान र अन्तर्राष्ट्रिय निकायहरू एकताबद्ध हुन आवश्यक छ। अन्ततः, पाठक, श्रोताहरू - जनताले पनि सचेत हुनुपर्छ। सस्तो प्रचारको पछाडि नलागी गुणस्तरीय पत्रकारिताको माग गर्नुपर्छ। किनकि पाठककै चेतनाले पत्रकारको कलम स्वतन्त्र बनाउँछ। नेपालका पत्रकार आज एउटै समयमै दुईवटा लडाइँ लडिरहेका छन् - सत्य बोल्ने स्वतन्त्रताको र पेट पाल्ने अस्तित्वको। यी दुवै लडाइँ जित्न सक्ने उपाय भनेको व्यवस्था, चेतना र पेशागत ईमानदारीको समायोजन हो। यदि हामी पत्रकारिता बचाउन चाहन्छौं भने, सबै सरोकारवालाहरूले यो संकटलाई गम्भीर रूपमा लिइर, समाधानतर्फ गम्भीर कदम चाल्न जरुरी छ। जरुरी छ।







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday